# नेपालगञ्ज उप-महा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(आर्थिक प्रशासन शाखा)

नेपालगञ्ज, बाँके
५ नं.प्रदेश, नेपाल


पत्र संख्या : २०७६/७७
चलानी नं. : २४

मिति : २०७६।०४।१३

विषय : आर्थक बर्ष २०७६।०७७ को बजेट कार्यान्वयन सम्बन्धी निर्देशन ।

श्री शाखा प्रमुख,सबै शाखा कार्यालयहरु,
नेपालगंञ्ज उपमहानगरपालिका, बाँके ।

नेपालगञ्ज उपमहानगरपालिकाको बिनियोजन ऐन, २०७६, नेपालगञ्ज उपमहानगरपालिकाको कार्यसम्पादन नियमावली तथा अन्य प्रचलित कानून अनुसार नेपालगञ्ज उपमहानगरपालिकाका शाखा प्रमुखको हैसियतले प्राप्त अधिकार मध्ये यसैसाथ संलग्न स्विकृत बार्षिक कार्यक्रम अनुसार कार्यसम्पादन गर्नु हुन तथा बजेट तथा कार्यक्रम संञ्चालन गर्दा प्रचलित ऐन, नियम, विनियम निर्देशिका, नेपालगञ्ज उपमहानगरपालिकाको नगर परिषद तथा वोर्डवाट भएका निर्णय प्रमुख प्रशासकिय अधिकृतबाट समय समयमा प्राप्त हुने आदेश निर्देशनहरुको पूर्ण परिपालन गर्नुका साथै शाखाबाट प्रदान गर्ने सेवावाट जनसन्तुष्टि अभिवृद्धि हुने गरी छिटो-छरितो, मितव्ययी एवं जनउत्तरदायी भूमिका निभाई इमानदारीपूर्वक कार्य सम्पादन गर्नु, गराउंनुहुन जानकारी गराईन्छ ।

**आ.ब. २०७६।०७७ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा :**

१. पुँजिगत खर्चमा बिनियोजित रकम चालु रकममा रकमान्तर गर्न नसकिने र नेपालगञ्ज उपमहानगरपालिकाको बिनियोजन ऐन, २०७६ बमोजिम बाहेक अन्य अवस्थामा रकमान्तर गर्न नसकिने हुदा तोकिएको बजेट शिर्षकको अधिनमा रही खर्च सिफारिस गर्नुहोला ।
२. कुनै पनि कार्यक्रम संञ्चालन गर्नुपुर्ब टिप्पणी आदेश स्विकृत गराई मात्र कार्य शुरु गर्नुहोला ।
३. स्विकृत बजेट भन्दा बाहिर आर्थिक दायित्व सिर्जना हुने कुनै पनि विषयमा निर्णय गर्दा कार्यालयको पुर्ब सहमति लिएर मात्र गर्ने ब्यवस्था गर्नुहोला ।
४. नेपालगञ्ज उपमहानरपालिकाको स्वीकृत वजेट तथा कार्यक्रम अनुसार शाखा कार्यालयवाट खर्च गर्ने बिनियोजन भएको रकम नियमानुसार खर्च गर्न सिफारिस गर्दा कानुन बमोजिम तोकिएको बिधि र प्रकृया अपनाई गर्नुहोला ।
५. लक्षित समुहसँग सम्बन्धित वडा कार्यालयका कार्याक्रमहरु संञ्चालनमा नगरपालिकाको तर्फबाट अनिवार्य प्रतिनिधित्व गर्ने ब्यवस्था गर्नुहोला ।
६. बार्षिक स्विकृत कार्यक्रम तथा चौमासिक बिभाजन बमोजिम कार्यक्रम संञ्चालन गर्ने ब्यवस्था गर्नुहोला ।

.................
हरी प्याकुरेल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


"नतिजामुखी प्रशासन : समृद्धि र सुशासन"
फोन नं. : ०८१-५२०१५१, ५२०३१६, ५२०३३८, ५२५१०९/मो. नं. ९८५८०२१३६१
nepalgunjmun@gmail.com, http://www.nepalgunjmun.gov.np